नेपाली

Vol.51 | 2025.09

विभिन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation





इभेन्ट

## प्राथमिक विद्यालयमा भर्ना गर्नु अघिको अभिमुखीकरण

जापानको प्राथमिक विद्यालयको विद्यालय जीवन, भर्ना अघि तयारी गर्नुपर्ने कुराहरू, क्लासपछि समय बिताउने तरिका आदिबारे जानकारी दिइनेछ। जानकारी दिएपछि, अनुभवी अभिभावकहरूको कुरा सुन्ने र अभिभावकहरू बीच जानकारी आदानप्रदान गरिनेछ।
दायरामा पर्ने व्यक्तिहरू: प्राथमिक विद्यालयमा भर्ना नभएका बालबालिका भएका अभिभावकहरू।
*दोभासे सेवा उपलब्ध छ। (अंग्रेजी भाषा, चिनियाँ भाषा आदि। अन्य भाषाहरूको लागि परामर्श गर्नुहोस्।)

2025 साल अक्टोबर 5 तारिख (आइतबार) 1:30 pm~4:00 pm

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
(ओता सहर कामाता 4-16-8 2F)

निशुल्क

वेबसाइटबाट आवेदन दिनुहोस्।

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 Fax 03-6410-7982
Email：mail@ota-goca.or.jp



©Ota City

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

# इभेन्ट विश्वका आमाबुबाहरूको मिलन केन्द्र

0~3 वर्षका बच्चाहरू भएका विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय पृष्ठभूमि भएका आमाबुबा र बच्चाहरू स्वतन्त्र रूपमा गई, कुराकानी गर्न सक्ने ठाउँ खोलिनेछ!
स्वतन्त्र रूपमा आउन र जान सकिन्छ, तपाईं आफूलाई मन परेको समयमा आउन सक्नुहुन्छ! आवेदन दिनु पर्दैन।
हामीले साना क्रियाकलापहरू पनि आयोजना गर्ने योजना बनाएका छौं।
भाषा र संस्कृतिले फरक भए तापनि, सबै मिलेर यसलाई ढुक्क भएर समय बिताउन सकिने ठाउँ बनाऔं।

### [विवरण तथा विषयवस्तु]

सेप्टेम्बर: आमाबुबा र बच्चाको युरिदमिक्स (आमाबुबा र बच्चाको व्यायाम र तेआसोबी (हातले विभिन्न इसारा गरेर खेल्ने))
अक्टोबर: नर्सरी स्कुल र किन्डरगार्टनमा भर्ना हुने सम्बन्धी जानकारी आदानप्रदान
नोभेम्बर: दैनिक रूपमा बच्चाहरू हुर्काउने कुराहरू सम्बन्धी राय आदानप्रदान
डिसेम्बर: क्रिसमस पार्टी

2025 साल
सेप्टेम्बर 17 तारिख (बुधबार) 10:00 am~12:00 pm
अक्टोबर 15 तारिख (बुधबार) 10:00 am~12:00 pm
नोभेम्बर 19 तारिख (बुधबार) 10:00 am~12:00 pm
डिसेम्बर17 तारिख (बुधबार) 10:00 am~12:00 pm

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
(ओता सहर कामाता 4-16-8 2F)

निशुल्क

(सामान्य सम्मिलित संस्था)
अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981　Fax 03-6410-7982
Email：mail@ota-goca.or.jp



# प्रक्रिया 2026 साल अप्रिलदेखिको नर्सरी स्कुलमा भर्नाको लागि आवेदन तथा परामर्श

### [स्वीकृति प्राप्त नर्सरी स्कुलमा भर्नाको लागि आवेदन]

●दायरामा पर्ने व्यक्तिहरू
अभिभावकको काम (यसमा काम खोजिरहेको व्यक्ति पनि पर्नेछ), रोग, प्रसूति, नर्सिङ केयर वा बिरामीको हेरचाह, अध्ययन जस्ता कारणले गर्दा घरमा हेरचाह गर्न नसकिने अवस्था भएका शिशुहरू

●आवश्यक कागजात वितरण
आर्थिक वर्ष 2026 साल संस्करणको "नर्सरी भर्ना सम्बन्धी पुस्तिका" र आवेदनको लागि आवश्यक कागजातहरू सेप्टेम्बर 25 तारिख (बिहीबार) देखि आवेदन दिने ठाउँमा वितरण गरिनेछ।
विदेशी नागरिकहरूको बसोबास योग्यता (भिसा) निश्चय गर्नुपर्नेछ।

●बिदाको दिन काउन्टर खुला रहने समय
नोभेम्बर 2 तारिख (आइतबार) 9:00 am~4:00 pm सम्म
आवेदन दिने ठाउँमा नाम लेखाउनुहोस्।

2025 साल अक्टोबर 1 तारिख (बुधबार)~नोभेम्बर 28 तारिख (शुक्रबार)

शिशु स्याहार सेवा शाखा
शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी
(ओता सहर कामाता 5-13-14　3F 21 नम्बर काउन्टर)

आवेदन दिने ठाउँमा आवश्यक कागजातहरू लिएर आउनुहोस्।

☎ 03-5744-1280　Fax 03-5744-1715



©Ota City

## सूचना उच्च शिक्षाको लागि विश्वविद्यालय आदिमा प्रवेश गर्ने विद्यार्थीहरूको लागि छात्रवृत्ति आवेदन खुला

ऋण तथा अनुदान सुरु हुने दिन भन्दा 1 वर्ष अघिदेखि ओता सहरमा बसोबास गरिरहेका अभिभावकको आश्रित (डिपेन्डेन्ट) हुनु पर्नेछ।

विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्।

2025 साल सेप्टेम्बरको सुरु तिरदेखि नोभेम्बरको सुरु तिरसम्म

अनुदान ढाँचा 150,000 येन (उच्च शिक्षाको लागि जानु अघि एकमुष्ट भुक्तानी)
ऋण ढाँचा राष्ट्रिय तथा सार्वजनिक: मासिक 35,000 येनसम्म निजी: मासिक 44,000 येनसम्म

कल्याण व्यवस्थापन शाखा
☎ 03-5744-1245
Fax 03-5744-1520

## सूचना निशुल्क क्षयरोग स्क्रिनिङ सम्बन्धी सूचना (छातीको एक्स-रे जाँच)

विदेशमा जन्म भएका क्षयरोगीहरूको संख्या बढिरहेको छ र 20~29 उमेरका नयाँ बिरामीहरूको 80% भन्दा बढी हिस्सा ओगटेका छन्। प्रारम्भिक चरणमा नै क्षयरोग पत्ता लगाउनको लागि एक वर्षमा एक पटक छातीको एक्स-रे जाँच गराउनुहोस्। नियमित रूपमा जाँच गराउने अवसर नभएको व्यक्तिले यो कार्यक्रमको उपयोग गर्नुहोस्।
*नाम लेखाउनु पर्दैन।
विस्तृत जानकारीको लागि वेबसाइटमा हेर्नुहोस्।

2025 साल अक्टोबर 7 तारिख (मंगलबार)
9: 30 am~12: 00 pm 1: 30 pm~4: 00 pm

रोकुगो विशेष उपशाखा कार्यालय
(ओता सहर नाकारोकुगो 2-44-11)

निशुल्क

संक्रामक रोग रोकथाम शाखा
☎ 03-4446-2643
Fax 03-5744-1524

## इभेन्ट हानेदा विमानस्थल “Sora no Hi” (आकाशको दिन) फेस्टिबल 2025

सबैले विमानस्थललाई अझ आफू नजिक महसुस गरून् भन्ने उद्देश्यले "Sora no Hi (आकाशको दिन)" को स्मरणमा इभेन्टको आयोजना गरिनेछ।
उड्डयन उद्योगका साथै अन्य कम्पनीहरूका विभिन्न कार्यक्रमहरूको मज्जा लिन सकिन्छ।
यो अवसरमा अवश्य पनि परिवार र साथीहरूसँग हानेदा विमानस्थलमा आउनुहोस्।



2025 साल सेप्टेम्बर 27 तारिख (शनिबार)
10:00 am~5:00 pm

・हानेदा विमानस्थल यात्रु टर्मिनल भवन 1, 2 र 3
・HANEDA AIRPORT GARDEN
(हानेदा विमानस्थल गार्डेन)
(ओता सहर हानेदा कुउको 2-7-1)

निशुल्क
गत सालको सफलतापछि यस पटक पनि ओता सहरको बुथमा क्यान ब्याज बनाउन सिक्ने अनुभव कार्यक्रम आयोजना गरिनेछ।

उद्योग प्रवर्द्धन शाखा उद्योग प्रवर्द्धन कर्मचारी
☎ 03-5744-1322 Fax 03-6424-8233
Email：kanko@city.ota.tokyo.jp

---

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## सूचना ओता सहरको फोहोर वर्गीकरण एप्लिकेसन प्रयोग गर्नुहोस्।

के तपाईंलाई फोहोर निकाल्ने दिन, फोहोर छुट्याउने तरिका आदिको कारण समस्या भइरहेको छ? ओता सहरमा आफूसँग भएको स्मार्टफोन प्रयोग गरेर फोहोर सङ्कलन गरिने दिन, फोहोर निकाल्ने तरिका, फोहोर निकाल्दा ध्यान दिनुपर्ने कुराहरू, फोहोर वर्गीकरण शब्दकोश, प्रायःसोधिने प्रश्नहरूको जवाफ आदि सजिलै निश्चय गर्न सकिने एप्लिकेसनको व्यवस्था गरिएको छ। अवश्य पनि यसको उपयोग गर्नुहोस्।



©Ota City

फोहर घटाउने प्रवर्द्धन शाखा कार्यक्रम प्रवर्द्धन कर्मचारी

☎ 03-5744-1628 Fax 03-5744-1550

ओता सहरको फोहोर वर्गीकरण एप्लिकेसन सम्बन्धी जानकारीको लागि यहाँ ▶

## सूचना "सुरक्षित तरिकामा साइकल प्रयोग गर्दा पालना गर्नुपर्ने पाँच नियमहरू" को पालना गरौं

❶ सामान्यतया सवारी मार्गको बायाँ पट्टी चलाउने।
केही तोकिएका ठाउँहरूमा मात्र पैदल मार्गमा चलाउने र पैदल यात्रीलाई प्राथमिकता दिने।
❷ दुई वा सोभन्दा धेरै बाटोहरूको मिलन भएको चोक आदिमा ट्राफिक लाइट र एक पटक रोक्नुपर्ने नियमको पालना गरी सुरक्षा निश्चय गर्ने।
❸ राती लाइट बाल्ने।
❹ मदिरा सेवन गरेर चलाउन निषेध गरिएको छ।
❺ हेल्मेट लगाउने।

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1315
Fax 03-5744-1527


©Ota City

## सूचना साइकललाई साइकल पार्किङ्मा रोकेर राख्ने गरौं।

ओता सहरले सहरको नियम बमोजिम स्टेसन वरिपरिको क्षेत्रलाई साइकल छोड्न निषेध इलाकाको रूपमा तोकी, त्यस्ता इलाकाहरूमा राखिएका साइकलहरू नियमित रूपमा हटाउने गरिरहेको छ। हटाइएका साइकलहरूलाई सामान्यतया 30 दिनको अवधि भण्डारण केन्द्रमा राखी, भण्डारण म्याद बितिसकेको साइकललाई नष्ट गरिने हुनाले ध्यान दिनुहोस्। सार्वजनिक स्थलहरू (सडक, स्टेसन अगाडिको खुला ठाउँ आदि) मा साइकल नछोडी, साइकललाई पार्किङमा राख्नुहोस्।

शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1390
Fax 03-5744-1527

(त्यतिकै छोडिएको साइकल आदि भण्डारण केन्द्र)

(सहरद्वारा सञ्चालित साइकल आदिको पार्किङ)

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन ओता सहर, स्थानीय गतिविधि प्रवर्द्धन शाखा
सहरवासी-प्रशासन सहकार्य, बहुसांस्कृतिक सहजीवन कर्मचारी
ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227 Fax 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶